
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



महानायक राजेश हमालले कुनै पनि पेसामा आफ्नो उच्चतम परिचय बनाउनु आवश्यक रहेको बताएका छन्। किताब यात्रा फाउण्डेशनद्वारा नेपाल पुलिस क्लबमा आयोजित किताब जात्राको दोस्रो दिन शुक्रबार 'जिन्दगी र विज्ञापन' सेसनमा उनले व्यक्तिगत परिचयलाई प्राथमिकता दिने नभईकर्मलाई प्राथमिकता दिने व्यक्ति भएको बताए।

**आजको विचार...**



जवाफदेहिता...
(दुई पेजमा)

रविप्रसाद बराल

कलाकार प्रकाश सपुतले देशका बिभिन्न स्थानमा 'प्रकाश सपुत मेला यात्रा २०८२' गर्ने भएका छन्। २ वर्ष पछि पुन: स्टेज कार्यक्रममा फर्किएका उनले एनसेल फाउन्डेसनसँगको सहकार्यमा सांगीतिक यात्रा गर्ने भएका हुन्। 'सपुतले अरु कार्यक्रममा जस्तै गीत त गाउने नै छन् तर, यसपटक गीत मात्रै गाउने छैनन्, उनी स्वयमले पर्फमेन्स पनि गर्नेछन्', सपुतका अधिकांश प्रोजेक्टमा सहकार्य गरेका शिरीषले भने, 'उनीसँगै नृत्यकारको समूहले गीतको भावना र मर्म अनुसार अभिनय र नाच मञ्चमा प्रस्तुत गर्नेछन्।'



❐ वर्ष ३१ अंक १३७ ❐ २०८२ मंसिर २८ गते आइतबार 14 December 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा ३० भन्दा बढीको मृत्यु

**(रासस/सिन्ह्वा)**

संयुक्तराष्ट्र, मङ्सिर २७/ संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले सुडानको साउथ डारफुरमा ड्रोन आक्रमणमा कम्तीमा ३० नागरिकको मृत्यु भएको खबरप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । उप प्रवक्ता फर्हान हकका अनुसार, उक्त आक्रमण राजधानी न्यालाबाट करिब १५० किलोमिटर दक्षिणपश्चिममा भएको थियो । डारफुर र कोर्डोफान क्षेत्रमा बढ्दो हिंसाका कारण नागरिकमा ज्यान हानि र क्षति तीव्र रूपमा बढ्दै गएको छ । महासचिवले सबै नागरिक र नागरिक पूर्वाधारमाथि हुने आक्रमणको कडा निन्दा गर्दै सबै पक्षलाई अन्तर्राष्ट्रिय कानून र मानवअधिकारको पालना गर्न अनुरोध गरेका छन् । सुडानको गृहयुद्धको एक हजार दिन पुगेको अवस्थामा गुटेरेसले सबै प्रभावशाली राष्ट्रहरूलाई युद्ध तुरुन्त रोक्न र हतियार आपूर्ति बन्द गर्न पहल गर्न आग्रह गरेका छन् । साथै उनले सबै पक्षलाई तत्काल शत्रुता रोकेर वार्ता पुन: सुरु गर्न, दीर्घकालीन युद्धविराम कायम गर्न र समावेशी राजनीतिक प्रक्रिया अघि बढाउन आग्रह गरे । यस द्वन्द्वमा दशौं हजार नागरिकको मृत्यु र करोडौं विस्थापित भएको छ, जसले विश्वकै ठूलो मानवतावादी सङ्कटमध्ये एक सिर्जना गरेको छ ।

# शेयर सदस्य मैत्री बन्दै रानीमहल सहकारी

## १७ वर्षे यात्रामा सहकारी

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २७/जिल्लाको सदरमुकाम तानसेनमा २०६५ सालमा स्थापना भएको रानीमहल बचत तथा ऋण सहकारी संस्थाले १७ वर्षे यात्रा तय गरेको छ । बचत गर्ने बानी बसाल्ने सोंचका साथ स्थापित यस सहकारीले यो यात्रामा आफुलाई समृद्धिको दिशामा अगाडि बढाउनुको साथै शेयर सदस्य मैत्री बनाउँदै लगेको छ ।

सहकारीले आफ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा आफुलाई निरन्तर अगाडि बढाएको छ । आर्थिक समृद्धिको मेरुदण्ड सहकारी भएकाले पनि सहकारीले शेयर सदस्यहरुमा सामूहिक भावनाको विकास गरी उपलब्ध श्रम, सीप, श्रोत साधन, पुँजी र प्रविधिको माध्यमबाट समृद्धिको यात्रालाई पहिल्याएको हो । सहकारीको मुल मर्म भनेकै शेयर सदस्यहरुलाई आर्थिक लाभ दिन र समस्या परेको समयमा सजिलै रकम उपलब्ध गराउन सक्नु रहेको भन्दै सहकारीले आफुलाई शेयर सदस्यमैत्री



बनाउँदै लगेको हो । संस्थाले आफ्नो १७ औं बार्षिक साधारण सभा मनाउँदै शेयर सदस्यकाहितमा केही असल निर्णयहरु समेत गरेको छ । उसले सामुहिक व्यापार व्यवसाय दुध डेरी, मासु पसल, खाद्यान्न, रेष्टुरेण्ट, कुटानी तथा पिसानी मेसिनको लागि कम्तीमा १० जना शेयर सदस्यहरुलाई सेवा शुल्कमा पूर्ण छुट र व्याजदरमा छुट दिने निर्णय गरेको छ । संस्थाले पुस महिनादेखी बचत तथा ऋणमा कम्तीमा ५ प्रतिशत शेयर किन्नुपर्ने बाध्यकारी व्यवस्था लागु गर्ने समेत भएको छ । उसले शेयर सदस्यहरुलाई घरायसी सरसमान किस्तावन्दीमा दिने, शेयर सदस्यहरुको पानी तथा विद्युतको महशुल तिरिदिने, शेयर सदस्य विरामी हुँदा रगत आवश्यक परेमा त्यसको व्यवस्था गरिदिने, शेयर सदस्यको मृत्यु भएमा शव घाटसम्म लैजानको लागि सहुलियत दरमा गाडीको व्यवस्था गरिदिने समेत संस्थाका अध्यक्ष भुगोल प्रसाद वैजु श्रेष्ठले श्रेष्ठले बताए । सभाको उद्घाटन गर्दै उनले सहकारीले वित्तिय क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । श्रेष्ठले १ करोड २२ लाख ७८ हजार शेयर पुजी रहेको रानीमहल सहकारीले गत आर्थिक बर्ष ९ करोड ७ लाख ५६ हजार बचत संकलन गरेको र ८ करोड ९९ हजार बचत फिर्ता गरेको बताए । उनले भने " हामी २ करोड ५२ लाख ९८ हजार लगानी गरिएको र ३ करोड १ लाख ऋण असुली गरेका छौं ।" संस्थाले गत बर्ष मुनाफा बढाएको थियो । गत बर्ष ६ लाख ७५ हजार मुनाफा गरेको र आ.व. २०८०/०८१ मा १ लाख ६४ हजार, आ.व.२०७९/०८० मा १ लाख मात्र मुनाफा गरेको अध्यक्ष बैजुले वार्षिक प्रतिवेदन पेश गर्दै साधारण सदस्यहरुलाई जानकारी गराए । साधारणसभामा कोषाध्यक्ष किशोर दर्शन बज्राचार्यले गत बर्षको १२ करोड बराबरको आय व्यय र चालु आर्थिक बर्षको अनुमानित ११ करोड ८० लाख बराबरको आय व्यय प्रस्तुत गरे । संस्थाले नियमित बचतमा ६ दशमलव ५ प्रतिशत र मुद्दती बचतमा ८ प्रतिशत व्याज प्रदान गर्दै आएको, व्यक्तिगत कर्जामा १२ प्रतिशत, जग्गा धितो कर्जामा १३ प्रतिशत र हायर पर्चेज कर्जामा १२ दशमलव ५ प्रतिशत व्याज लिने गरेको कोषाध्यक्ष बज्राचार्यले बताए । साधारणसभामा लेखा समितिका संयोजक रविमोहन श्रेष्ठले सहकारीको लेखा प्रणाली, खर्च आम्दानी तथा बचत तथा व्याजको अवस्था, सस्थाको आगामी रणनीतिको बारेमा जानकारी गराए । साधारणसभामा संस्थाले शैक्षिक बचतकर्ता, बाल बचतकर्ता, जेष्ठ नागरिक बचतकर्ता, एकल महिला बचतकर्ता, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणीहरुलाई पुरस्कार सहित सम्मान समेत गरेको छ । संस्थाले आफ्ना एक बर्ष अवधि पुगेर नियमित बचत गर्दै आएका शेयरधनी सुत्केरी भएमा सुत्केरी स्याहार खर्च ६ हजार, मुटुरोगी वा जुनसुकै जटिल प्रकाका विरामी शेयरधनीलाई उपचार खर्च वापत ८ हजार, मृगौला तथा पित्त थैली शल्यक्रियाको लागि ६ हजार, दुर्घटनाबाट मृत्यु भएकाको परिवारलाई ५० हजार, अन्तिम दाह संस्कारको लागि १० हजार, जेष्ठ नागरिक र एक महिलाहरुको लागि मासिक एक सय प्रदान गर्दै आएको सस्थाका सह-सचिव शैलेन्द्र भट्टराईले जानकारी दिए । संस्थाका अध्यक्ष श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष राजेश शाक्यको स्वागत र सह-सचिव शैलेन्द्र भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# एमालेको ११ औँ महाधिवेशन सुरु

**पाल्पा,** मंसिर २७/नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशन शनिबारदेखि सुरु भएको छ । महाधिवेशनको उद्घाटन सत्र भक्तपुरको सल्लाघारीस्थित खुल्ला चौरमा भएको छ भने बन्दसत्र भृकुटीमण्डपमा हुँदैछ ।

महाधिवेशनको पार्टी अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेका हुन् । अध्यक्ष ओलीले रिमोटबाट झण्डोत्तोलन गर्दै राष्ट्रिय महाधिवेशन उद्घाटन गरे । देशभरबाट प्रतिनिधि र नेता-कार्यकर्ता काठमाडौं पुगेका छन् । महाधिवेशनमा २ हजार २ सय ६२ प्रतिनिधि उपस्थित छन् । वैधानिक व्यवस्था बमोजिम ५ प्रतिशत मनोनयन गर्न पाउने भएकाले १०८ जना मनोनीत हुनेछन् । यससँगै ३०९ जना केन्द्रीय सल्लाहकार समेत गरी कुल प्रतिनिधि सहभागी संख्या २ हजार ५ सय ७१ हुनेछ । महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले नेपालमा लोकतन्त्र अजेय रहेको बताएका छन् । उनले विभिन्न प्रहारका बाबजुद लोकतन्त्र र एमाले अविचलित रहेको बताए । एमाले अध्यक्ष ओलीले भदौ २३ र २४ मा देशका आधार स्तम्भमाथि प्रहार भएको बताए । उनले पुराना राजनीतिक दलहरूविरुद्ध गलत भाष्य निर्माण गर्न खोजिएको पनि आरोप लगाए । "सम्झिइरहेको छु, तीन महिनाअगाडिका ती कहालीलाग्दा दिनहरू । जतिबेला देश युद्धभूमिजस्तै जलिरहेको थियो । आततायीहरूबाट जलाइरहेको थियो । जतिबेला संविधान, लोकतन्त्र र यसका आधार स्तम्भ राजनीतिक दलहरूमाथि भीषण हमला गरिएको थियो," ओलीले भने, "एउटा भाष्य निर्माण गर्ने कोसिस भइरहेको थियो, पुराना पार्टीहरू सकिए, पुराना नेताका दिन गए र एमालेको सान्दर्भिकता समाप्त भयो । यस्तो भाष्य खडा गर्न खोजिएको थियो ।"अध्यक्ष ओलीले पार्टीविरुद्ध भइरहेको प्रहारबीच पनि पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक र जनता एमालेको साथमा रहेको बताए । "धुवाँ, खरानी र निषेधका प्रत्येक प्रहारलाई चिर्दै यो जनसागर ओर्लिएको छ । म ढुक्कका साथ भन्छु, लोकतन्त्र अजेय छ, नेकपा एमाले अजम्बरी छ,"उनले भने । महाधिवेशनमा कांग्रेस सभापति शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका नेता देव गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यबहाक सभापति डीपी अर्याल, राप्रपा अध्यक्ष राजेनद्र लिङ्देन, जनता समाजवादी अध्यक्ष उपेन्द्र यादवलगायत नेताहरुले शुभकामना दिएका थिए ।

# निस्दी जिप दुर्घटना : मृतकको सङ्ख्या चार पुग्यो

**पाल्पा,** मंसिर २७/पाल्पाको निस्दी गाउँपालिका-४, चिउरीवासमा भएको जिप दुर्घटनामा थप एक जनाको मृत्यु भएको छ । पूरानो मेडिकल कलेज चितवनमा उपचारका क्रममा थप एक जनाको मृत्यु भएको हो ।

नवलपुर मध्यविन्दु नगरपालिका-१३ का ३४ वर्षीय सुन्दर विकको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरी जानकारी दिए । थप एकको मृत्युसँगै शनिबारसम्म मृतकको सङ्ख्या चार पुगेको छ । तीन जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको चौधरीले बताए । उनले भने "शुक्रबार दुर्घटनामा परी गम्भीर घाइते भइ उपचारका लागि चितवन पठाइएका सुन्दर विकको मृत्यु भएसँगै मृतकको सङ्ख्या चार पुगेको हो ।" मृतक चारै जनाको सनाखत भएको छ । घटनास्थलमै मृत्यु हुनेहरुमा निस्दी गाउँपालिका-४, हुवासकी ३६



वर्षीया हेम कुमारी सारु, निसदी -४ ठोक्सिङबासकी ४५ वर्षीया ओम कुमारी खाम्चा र मध्यविन्दु नगरपालिका-१३ पूर्वी नवलपरासीकी ३१ वर्षीय बुद्धिमाया विक रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सुन्दर र बुद्धीमाया श्रीमान् श्रीमती हुन् । निस्दीको मित्यालीस्थित अरुणाखोलादेखि रामपुरतर्फ जाँदै गरेको लु१ज ३९०८ नम्बरको जिप शुक्रबार विहान दुर्घटनामा परेको हो । चिउरीबासमा उकालोमा यात्रु ओराल्दै गर्दा रोकिराखेको फोर्स जिप आफै व्याक भएर दुर्घटना भएको जनाइएको छ । दुर्घटनामा सात जना घाइते भएका छन् । घाइते हुनेहरुमा निस्दी- ४ लामेदमारका ९ वर्षीय नेवराज खाम्चा, सोही ठाउँका ५ वर्षीय सालिन खाम्चा,७३ वर्षीय नर बहादुर सुनारी,७२ वर्षीया भुमीसरा सुनारी मृतक सुन्दका छोरा १० वर्षीय लविस सुनार, छोरी ५ वर्षीय प्रिन्सा सुनार र २८ वर्षीया मिना कुमारी सुनारी रहेका छन् । घाइते मध्ये ४ जनाको मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा उपचार भइरहेको छ । बाँकी तीन जना मध्ये लविस र प्रिन्साको उपचारपछि डिस्चार्ज भएको छ भने मिनाको चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी उपरीक्षक चौधरीले बताए । सामान्य घाईते अवस्थामा रहेका चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मतदाता शिक्षाको खाँचो

**कुनै पनि निर्वाचनका लागि मतदान प्रक्रियाको विशिष्टता र मतदान गर्ने विधि र प्रक्रियाबारे मतदातालाई जानकारी गराउन सूचना सामग्री तथा कार्यक्रमसम्बन्धी जानकारी प्रवाह गर्ने कार्यलाई मतदाता शिक्षा भन्ने गरिन्छ । यसलाई निर्वाचनसम्बन्धी मतदाता सचेतना कार्य पनि भनिन्छ । यसमा मतदातालाई निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, मतदान गर्ने तरिका, उम्मेदवार, राजनीतिक दल लगायतका विषयमा जानकारी दिने उद्देश्य हुन्छ । तर मतदाता शिक्षा नेपालमा अझै पनि कमजोर अवस्थामा रहेको महसुस गर्न सकिन्छ । जसले गर्दा निर्वाचनमा मत बदर हुने सङ्ख्या बढिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ स्वयं जनप्रतिनिधिको समेत मतपत्र बदर हुने गरेको अवस्था छ । लोकतान्त्रिक निर्वाचन प्रणालीमा यस्तो स्थितिलाई सबल पक्ष मानिँदैन ।**

**कतिपय मतदाताहरुमा मतदाता शिक्षा नहुँदा हरेक पटकको निर्वाचनमा मत बदर हुने गरेको पाइन्छ । यो अत्यन्त दुखको कुरा हो । मतदान गर्नु आम नेपालीको नैसर्गिक अधिकार पनि हो । मतदान सही तरिकाबाट गरे मात्र मतदान गरेको कदर हुन्छ । मतदान नै सही तरिकाले भएन भने, मत नै बदर भयो भने त्यसको कुनै महत्व हुँदैन । वर्तमान अन्तरिम सरकारले फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन मिति तोकेर तयारी अगाडि बढाएको छ । विगतमा जस्तै यस पटक पनि मतदाता शिक्षाको अभावमा मत बदर नहोला भन्न सकिदैन । किन भने सरकारले मतदाता शिक्षा प्रदान गर्ने सवालमा खासै ध्यान दिएको छैन् । मतदाता शिक्षा आजको अनिवार्य आवश्यकता पनि हो । निर्वाचन हुने मिति, समय र स्थान, सही तरिकाले मत संकेत गर्ने तरिका, मत बदर हुने अवस्था, मतदाताले पालन गर्नुपर्ने आचारसंहिता र मतदाताको जिम्मेवारी, कुन निर्वाचनमा कति उम्मेदवारलाई मत दिन सकिने हो सो र मताधिकार प्रयोग गर्ने सिलसिलामा आउन सक्ने व्यवधान र सो निराकरणका उपाय लगायत विषय मतदातालाई जानकारी गराइनु पर्छ । यसो भयो भने मात्र निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र हुन सक्छ । यसर्थ निर्वाचन हुनुपूर्व आम मतदातालाई मतदाता शिक्षा दिन अपरिहार्य छ ।**

## Opinion @ Socia Network

तितो तर सत्य, सबै चिज पूरा गर्नको लागि धन धेरै महत्त्वपूर्ण छ
चाहे त्यो मित्रता होस्, प्रेम होस् या सम्बन्ध ।

*(कमला हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जवाफदेहिता र सुशासन अनिवार्य



**रविप्रसाद बराल**

*दगो विकास र राजनीतिक स्थिरताको आधार न्याय, पारदर्शिता र कानुनको शासन हो । जेनजी विद्रोहले नागरिकमा नयाँ चेतना जागृत गरेको छ र राजनीतिक नेतृत्वलाई सही मार्गमा फर्किन गम्भीर सन्देश दिएको छ । जनआन्दोलनदेखि गणतन्त्रसम्म नेपाली जनताले दलहरूलाई निरन्तर साथ दिए तर सत्ता समीकरण, भ्रष्टाचार, अस्थिरता र दलगत स्वार्थका कारण सुशासन र विकासको बाटो पटकपटक अवरुद्ध भयो ।*

नेपाल आज फेरि एउटा महत्वपूर्ण मोडमा उभिएको छ । विकासको गति अपेक्षाकृत सुस्त छ । सुशासनका मापदण्ड कमजोर हुँदै गएसँगै नागरिकमा शासन प्रणालीप्रति विश्वास घटिरहेको छ । राजनीतिक दलप्रति निराशा बढेको देखिन्छ । देशको यस्तो संवेदनशील घडीमा राष्ट्रको दिगो उत्थानका लागि सरकार, राजनीतिक नेतृत्व, राज्य संयन्त्र तथा नागरिक समाज सबैले आफ्नो भूमिकाप्रति आत्मचिन्तन गर्दै स्पष्ट र साझा दिशा तय गर्नु आवश्यक हुन्छ । मुलुकको यही पृष्ठभूमिमा भएको 'जेन-जी विद्रोह' ( सेप्टेम्बर अपराइज) युवा पुस्तामा लामो समयसम्म रहेको आक्रोश अभिव्यक्ति थियो । यो विद्रोह सत्ता र राजनीतिक नेतृत्वलाई चुनौती बन्यो । राज्य शक्तिको दमनका क्रममा ७५ युवाको ज्यान गयो । यो घटना सामान्य थिएन । मानवअधिकारको गम्भीर उल्लैन र सुशासन विफल भएको प्रमाण थियो । यो सहादत नेपालका राजनीतिक इतिहासमा सबैभन्दा पीडादायी, कलंकित र लज्जास्पद घटना बन्यो । यसले राज्य र नागरिक सम्बन्धमा परेको गहिरो अविश्वास, नेतृत्वको उदासीनता र राज्य शक्तिको दुरुपयोगलाई स्पष्ट रूपमा उजागर गरेको छ । नेपालको अन्तर्राष्ट्रिय छविमा नकारात्मक प्रभाव पार्‍यो । विद्रोहका क्रममा सिंहदरबार, संसद् भवनजस्ता महत्त्वपूर्ण संरचनामा ध्वस्त भए । यसले राज्य संयन्त्रको कमजोरीमात्र होइन राजनीतिक नेतृत्वको अदूरखर्शिता र संकट व्यवस्थापनमा असफलता दुवै प्रस्ट देखियो । दिगो विकास र राजनीतिक स्थिरताको आधार न्याय, पारदर्शिता र कानुनको शासन हो । जेनजी विद्रोहले नागरिकमा नयाँ चेतना जागृत गरेको छ र राजनीतिक नेतृत्वलाई सही मार्गमा फर्किन गम्भीर सन्देश दिएको छ । गत तीन दशकको राजनीतिक यात्राले हाम्रो मूल समस्या राजनीतिक संस्कारमै रहेको स्पष्ट भएको छ । जनआन्दोलनदेखि गणतन्त्रसम्म नेपाली जनताले दलहरूलाई निरन्तर साथ दिए तर सत्ता समीकरण, भ्रष्टाचार, अस्थिरता र दलगत स्वार्थका कारण सुशासन र विकासको बाटो पटकपटक अवरुद्ध भयो । नेतृत्व सेवाभन्दा पद प्राप्तिमा केन्द्रित रहँदा जनविश्वास कमजोर हुँदै गयो । अब देशलाई निष्ठावान्, जवाफदेही र परिणाममुखी नेतृत्व संस्कार आवश्यक छ । यही बाटोबाट मात्र सुशासन र स्थायित्व सम्भव हुन्छ । जेनजी विद्रोह कुनै आकस्मिक वा सामान्य घटना थिएन । यो वर्षौंसम्म बेरोजगारी, असमानता, अवसरको अभाव, विदेशिनुको बाध्यता र भविष्यप्रतिको गहिरो निराशाले थिचिएका युवाको भावनात्मक विस्फोट थियो । राज्य र राजनीतिक नेतृत्वले समयमै सम्बोधन नगरेका समस्याहरू एकैचोटि सतहमाथि आए र युवा पुस्ताको पीडा सडकमा पोखियो । यति ठूलो मानवीय त्रासदी र राष्ट्रिय क्षतिपछि पनि सत्ताधारी दल र तत्कालीन सरकारले घटनाको आत्मसमीक्षा नगर्नु र जिम्मेवारी नस्वीकार्नु स्वयंमा गम्भीर विडम्बना हो । नेतृत्व तहमा देखिएको हठ, दम्भ र अहंकारले हाम्रो राजनीतिक संस्कृतिको वास्तविक चरित्र उदाङ्गिएको छ । जवाफदेहिता स्थापित गर्न सकेमात्र राष्ट्रले निकास पाउनेछ । नभए देश अझ गहिरो संकटतर्फ धकेलिनेछ । सरकारद्वारा गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगलाई यस घटनाका निर्णयकर्तादेखि आदेशदातासम्म र कार्यान्वयन तहसम्म सबैलाई समेटेर स्वतन्त्र र निष्पक्ष छानबिन गर्न दिनुपर्छ । पीडित परिवारलाई न्याय दिन अन्तरिम सरकार प्रतिबद्ध हुनुपर्छ । यिनै कदमले मात्र राजनीतिले जनताको हराउँदै गएको विश्वास पुन:आर्जन गर्न सक्छ र लोकतान्त्रिक मूल्यहरूको पुनरुत्थानका लागि आधार बन्न सक्छ । न्यायबिना सुशासन सम्भव हुँदैन भने सुशासन नभई स्थायी परिवर्तन पनि सम्भव हुँदैन । जेनजी विद्रोहले यही वास्तविकता राष्ट्रलाई स्मरण गराएको छ । नेपालको विकासको गति अपेक्षाकृत कमजोर रहनुको एक कारण राजनीतिक अस्थिरता हो भने त्यसमा थप चुनौतीका रूपमा संस्थागत भ्रष्टाचार रहेको देखिन्छ । ठेक्का प्रक्रियामा देखिने अनियमितता, राजस्व व्यवस्थापनमा हुने कमजोरी, दलगत भागबन्डाको अभ्यास तथा महत्त्वपूर्ण सरकारी पदपूर्तिमा देखिने राजनीतिक हस्तक्षेपजस्ता पक्षले राज्य संयन्त्रको कार्यक्षमता कमजोर पारेका छन् । यस्ता प्रवृत्तिले सुशासनका मापदण्ड दुर्बल भएका छन् भने नागरिकमा प्रणालीप्रति विश्वास घट्दै गएको देखिन्छ । भ्रष्टाचार नियन्त्रणका लागि अब ठोस संरचनात्मक सुधार आवश्यक छ । त्यसका लागि नियन्त्रण तथा छानबिन निकायलाई पूर्ण स्वतन्त्रता दिनु, सम्पत्ति शुद्धीकरण कानुन कडाइका साथ लागु गर्नु, नेतृत्व र मन्त्रीहरूको वार्षिक मूल्यांकन अनिवार्य गर्नु, ठूला ठेक्का तथा सरकारी खर्चमा डिजिटल मोनिटरिङ प्रणाली लागु गर्नु र राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र तथा पारदर्शी निर्णय प्रक्रियाको अभ्यास सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ । यी सुधारहरू कुनै वैकल्पिक माग होइनन् । भ्रष्टाचारमुक्त शासन, पारदर्शिता र जवाफदेहिता जेनजी विद्रोहले उठाएको मूल आवाज हो । यही आधारमा मात्र देश स्थायी विकास र सुशासनको दिशामा आत्मविश्वासपूर्वक अघि बढ्न सक्छ । यसको जग आगामी निर्वाचनबाट बस्न सक्छ । आगामी निर्वाचन एउटा राजनीतिक प्रक्रियामात्र होइन । यो अब नेपाल कुन दिशातर्फ अघि बढ्नेछ भन्ने निर्धारण गर्ने ऐतिहासिक मोड हो । वर्तमान महँगो, जटिल र पैसाको प्रभावले प्रभावित निर्वाचन प्रणालीले वास्तविक जनप्रतिनिधिभन्दा पनि आर्थिक शक्ति, साँठगाठ र प्रभावका वरपर रहेका व्यक्तिहरूलाई अघि ल्याउने वातावरण बनाएको छ । यसले लोकतन्त्रको मूल मर्म नै कमजोर पारेको छ । अब निर्वाचन प्रणालीलाई पनि सरल, किफायती, पारदर्शी र जनमुखी बनाउने समय आएको छ । मतदाता सहजै सहभागी हुनसक्ने झन्झटमुक्त मतदान प्रक्रिया, उम्मेदवार तथा पार्टीका खर्चमा कडाइका साथ सीमा तोक्ने व्यवस्था, मतगणना र नतिजा प्रकाशनमा डिजिटल रिपोर्टिङ प्रणाली अनिवार्य गर्ने र निर्वाचन आयोगलाई पूर्ण स्वायत्तता तथा प्राविधिक सुदृढता प्रदान गर्ने काम अत्यावश्यक छ । यस्ता सुधारहरूले अपराधी, करचोर, कालोसूचीको ठेकेदार र दोहोरो नागरिकता विवादमा रहेका व्यक्तिहरूको गैरलोकतान्त्रिक प्रवेशलाई रोक्न महत्तवपूर्ण भूमिका खेल्नेछ । आगामी २०८२ फागुन २१ को निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु नेपालका लागि निर्णायक क्षण हुनेछ । निर्वाचन कुनै पनि प्रकारले असफल भयो भने यसले देशलाई पुन: अस्थिरता, सत्ता संघर्ष र संक्रमणको चक्रमा फसाउने जोखिम बढ्नेछ । त्यसैले सबै दल, नेतृत्व र नागरिक समाजले निर्वाचनलाई राष्ट्रिय प्राथमिकताका रूपमा लिनैपर्छ । राजनीतिक पदलाई जिम्मेवारीभन्दा प्रतिष्ठाको स्रोत ठान्ने पुरानो प्रवृत्तिले राज्य संयन्त्रलाई कमजोर बनाएको हो । पद प्राप्त भएपछि सेवा होइन शक्ति प्रदर्शन गर्ने मनोवृत्ति संसकारले शासन प्रणाली अविश्वसनीय बन्दै गइरहेको छ । यही संस्कारले राजनीतिक दलभित्र अनुशासन, पारदर्शिता र जवाफदेहिताको आधारलाई पनि धमिल्याइदियो । अब देशलाई आलोचना सहन सक्ने, विवेकका आधारमा निर्णय गर्न सक्ने, सार्वजनिक स्रोतको दुरुपयोगमा शून्य सहनशीलता अपनाउने, दलगत स्वार्थ, समूहगत दबाब वा व्यक्तिगत लाभभन्दा माथि राज्यको हितलाई प्राथमिकतामा राख्नसक्ने र बहुमतको सरकार बनाउनै नसक्ने र अस्थिर गठबन्धनको सरकार जन्माउने वर्तमान संविधानलाई युगसापेक्ष संशोधन गरी राष्ट्रिय निकास दिनसक्ने साहसी नेतृत्व चाहिएको छ । सुशासनको जरा नैतिक पुनर्जागरण हो । नेतृत्व नैतिकवान छ भनेमात्र राज्यका निकायहरु सबल बन्छन्, नीतिहरू प्रभावकारी हुन्छन् र नागरिकको शासनप्रति भरोसा बढ्छ । अब नेपालमा परिवर्तनको सबैभन्दा ठूलो आवश्यकता नारा होइन अनुशासन, पारदर्शिता र सेवामूल्यलाई व्यवहारमा उतार्न सक्ने नयाँ राजनीतिक नेतृत्व संस्कारको उदय हो । योजना र नीति तबमात्र प्रभावकारी बन्न सक्छन् जब राजनीतिक दल, नागरिक समाज, युवापुस्ता, निजी क्षेत्र र स्वतन्त्र नागरिकहरू एउटै राष्ट्रिय सहमतिमा उभिन सक्छन् । आज मुलुकले वास्तवमै नयाँ 'सामाजिक सम्झौता' खोजेको छ । यस सम्झौताको मूल आधार भ्रष्टाचारमुक्त शासन स्थापना गर्ने दृढ संकल्प, युवापुस्ताको सम्मानसहित मर्यादित रोजगारी सिर्जना गर्ने प्रतिवद्धता, न्याय र मानव मर्यादालाई राज्य सञ्चालनको केन्द्रीय मूल्यका रूपमा स्वीकार गर्ने दृष्टिकोण, नागरिकलाई सहज, सरल र किफायती सेवा दिने प्रशासनिक सुधार र देशलाई दीर्घकालीन आर्थिक दृष्टि प्रदान गर्ने साझा राष्ट्रिय एजेन्डा हुनुपर्छ । यी स्तम्भप्रतिको स्पष्ट र व्यावहारिक प्रतिबद्धता राजनीतिक दलहरूबीच विकसित नभएसम्म स्थायित्व र दिगो विकासको आधार मजबुत बन्न सक्दैन । जेनजी विद्रोहबाट उठेको आवाज क्षणिक आक्रोशमात्र थिएन । त्यो न्याय, सुशासन, युवापुस्ताका लागि अवसर, पारदर्शिता र सत्यपरक राजनीतिक संस्कृतिको स्पष्ट माग थियो । यी मागहरू अब कुनै समूहका मात्रै होइन राष्ट्रकै साझा एजेन्डा बनेका छन् । लोकतन्त्र कागजका प्रतिबद्धताले मात्र टिकाउन सकिँदैन । यसलाई निष्ठा, पारदर्शिता, जवाफदेहिता र जनसम्मानमा आधारित व्यवहारले टिकाइराख्छ । अब सबै राजनीतिक दल, नेतृत्व तह र सचेत नागरिकहरूले एउटै स्वरमा प्रतिज्ञा गर्नुपर्ने समय आएको छ–'निष्ठाको राजनीति गरौँ, देशलाई निकास दिऔँ । 'यो प्रतिज्ञा पूरा गर्न सकेमात्र नेपालले स्थिरता, विकास र आशाको नयाँ युगको सुरुवात गर्न सक्छ । ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । |
| **बृष** : मनोरञ्जनले अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **बृश्चिक** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नसक्छ । | **धनु** :बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : प्रतिष्ठा कमाउने वेला छ । व्यापार व्यवसायमा फाइदा होला । | **मकर** : शैक्षिक पक्ष कमजोर हुनेछ, तर परिवारमा मेलमिलाप भने राम्रै हुनेछ । |
| **सिंह** : शुभ अशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **कुम्भ** : प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **कन्या** : प्रेममा मनमुटावका साथै मन कमजोर रहला । मन प्रसन्न रहने छ । | **मीन** : हराएको केही चिज भेटिने योग छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |

## कृषि

# एउटै गोठमा ५७ वैदिक गाई संरक्षण



बागलुङ, बागलुङको मालिकामा एकै स्थानमा ५७ वटा गाई पालिएको छ । हिन्दु धर्ममा भगवानको स्वरूप मानेर पूजा गरिँदै आएका स्थानीय प्रजातिका वैदिक गाईको संरक्षणका लागि संरक्षण केन्द्र नै सञ्चालन गरेर पालिएको हो । विसं २०७२ मा जिल्ला प्रशासन कार्यालयमा गण्डकी गोपाल गौवंश संरक्षण केन्द्र दर्ता गरेर बागलुङ नगरपालिका-५ मालिकामा वैदिक गाई पाल्न सुरु गरिएको थियो ।

अनन्तश्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा निर्मित गौवंश संरक्षण केन्द्र स्थापना गरिएको थियो । विसं २०७२ मा पर्वतको जलजला गाउँपालिका-७ स्थित धाइरिङको गण्डकी गोपाल गौशालाबाट एउटा गाई हेलिकप्टरमा ल्याएर सुरुआत गरिएको गौवंश संरक्षण केन्द्रमा यति बेला एउटा साँढेसहित ५७ वटा गाई छन् । स्थानीयको नि:शुल्क प्राप्त ८२ रोपनी जमिनमा करिब आठ लाखका संरचना निर्माण गरिएको छ । स्थानीय प्रजातिका वैदिक गाई संरक्षण मात्र होइन, गाईको गहुँत प्रशोधन गरेर आयुर्वेद औषधि बनाउने तयारीसमेत गरिएको संरक्षण केन्द्रका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताए । "संरक्षण केन्द्रका गाई बिहान एकपटक मात्र दुहिन्छ, त्यो पनि बाच्छाबाच्छी अघाएपछि, यहाँका बाच्छाबाच्छी दाम्लोमा बाँधिन्न, चौबीसै घण्टा खुला छोड्छौँ", अध्यक्ष आचार्यले भने, "संरक्षण केन्द्रका परिकल्पनाकार मुक्तिनाथ बाबाको इच्छाअनुसार बाच्छाबाच्छी अघाएपछिमात्र बिहान एक छाक दूध दुहुने हो, साँझमा दुहुने चलन छैन ।" थोरैथेरै भएको दूध घ्यू पूजापाठमै प्रयोग हुन्छ । पछिल्लो समय गाउँघरमा जर्सी गाई पाल्नेहरू बढ्दैछन् । स्थानीय प्रजातिका गाई देख्नै मुस्किल छ । संरक्षण केन्द्रमा स्थानीय प्रजातिका गाई सङ्ख्या बढ्दै जाँदा धार्मिक पर्यटकको सङ्ख्या पनि बढ्दै छ । बागलुङको पञ्चकोट घुम्न जाने अधिकांश पर्यटक गौवंश संरक्षण केन्द्रमा समेत पुग्न थालेको पञ्चकोट विकास परिषद् बागलुङका अध्यक्ष जगन्नाथ आचार्यले बताए । संरक्षण केन्द्रका अध्यक्ष आचार्यले भने, "तिहारको गाईपूजामा गाई पुज्नेहरूको भीड नै लाग्यो, डेढ लाख त भेटीमात्र उठ्यो । एकैठाउँमा स्थानीय प्रजातिका धेरै गाई भएपछि तिहारमा मात्र होइन अन्य समयमा पनि पाठपूजा, वैतरणी गर्न आउनेहरूको सङ्ख्या बढ्न थालेको छ । गाईको गहुँतसमेत लिन आउनेको सङ्ख्या बढ्दो छ ।" उनका अनुसार यहाँका गाईलाई कृत्रिम गर्भाधान गराउन पाइँदैन ।

गाईको गोबरबाट निकट भविष्यमा धूप निर्माण गर्ने योजना रहेको अध्यक्ष आचार्यको भनाइ छ । गौवंश संरक्षण केन्द्र पञ्चाकोट विकास परिषद्को सहयोगमा चल्दै आएको छ । गाईको रेखदेख र हेरचाहका लागि पाँच जना गौ सेवक खटिएका छन् । घाँस काट्ने, गोबर सोर्ने, दानापानी खुवाउने काममा खटिने गौसेवकलाई पारिश्रमिक पञ्चकोट विकास परिषद्ले उपलब्ध गराउँदै आएको छ । संरक्षण केन्द्रका गाईलाई बागलुङ नगरपालिकासँगै काठेखोला, जैमिनी र पर्वतबाट समेत स्थानीयले नि:शुल्क पराल उपलब्ध गराउँदै आएका छन् ।

*-रासस*

# धानको रैथाने जात संरक्षण गर्दै गङ्गानारायण



राँझा- बैजनाथ गाउँपालिका-८ टिटिहिरियाका किसान गङ्गानारायण चौधरी धानको परम्परागत रैथाने जात संरक्षण गर्दै आएका छन् । कृषि ज्ञान केन्द्रको सहयोग र समन्वयमा चौधरीले विगत पाँच वर्षदेखि रैथाने कालानमक जातको धानखेती गर्दै आएका छन् । यो वर्ष ३२ कठ्ठा क्षेत्रफलमा लगाएको धानखेतीबाट ४० क्विन्टल कालानमक धान उत्पादन भएको गङ्गानारायणले जानकारी दिए । 'उत्पादन अझ धेरै हुने अनुमान गरिए पनि अन्य धान स्याहारी सकेकोले कालानमक धानमा चरा, मुसा र कीराको सङ्क्रमण बढेर समस्या भयो', उनले भने,' करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ ।' यसको उत्पादनमै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो पर्ने गरेको छ । यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ । सिँचाइ पनि पर्याप्त चाहिन्छ । करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ । अन्य धान असोज-कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र धान पोकट बनाउने समस्या हुने गरेको कृषक चौधरीले बताए । कालानमक चामल बिक्रीमा भने समस्या छैन । बजारमा लैजाना साथ राम्रो मूल्यमा बिक्री हुने चौधरीले बताए । अन्य धानको दर करिब रु तीन हजार ५०० क्विन्टल हुँदा कालानमक भने प्रति क्विन्टल रु दश हजारमा बिक्री हुने गरेको छ । बाँकेमा किसानले रैथाने धानको तुलनामा धेरै फल्ने र छिट्टै पाक्ने रामधान, राधा ४, एमपी ६०, गोरखनाथ लगायतको हाइब्रिड धान रोप्दै आएका छन् । किसान व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएपछि परम्परागत रैथाने कालानमक धानको जात हराउँदै गएको छ । लगानीअनुसारको प्रतिफल नपाएको भन्दै कृषकहरूले लगाउन छाड्दै गएपछि यो धान लोप हुने अवस्थामा पुगेको हो । सिँचाइ र स्याहार सुसार बढी गर्नुपर्ने र रोग तथा कीराको प्रकोप बढी देखिने भएकाले कृषकहरू यसको साटो हाइब्रिड धानतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी वरिष्ठ वागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए । उनका अनुसार 'भीआईपी'देखि पर्यटकहरूको रोजाइ भए पनि लागतअनुसार कम उत्पादन हुने भएकाले कृषकहरू कालानमक धानको साटो अन्य धान लगाउन थालेका हुन् । मसिनो र बास्नादारको सुचीमा पर्ने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको हो । यो करिब १४० दिनमा तयार हुन्छ । 'विगतमा बाँके र बर्दियामा यसको खेती हुन्थ्यो, तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागे', सूचना अधिकारी पाठकले भने, 'कालानमकको खेती शून्य प्राय: भएपछि अहिले यसको प्रवर्द्धन र प्रचारमा लागेका छौँ ।' बाँकेमा परम्परागत रैथाने धानको जात कालानमक संरक्षणको लागि कृषि ज्ञान केन्द्रले कृषकस्तरमा लगाएर प्रचार प्रसारको थालनी गरेको छ । कृषि अनुसन्धान परिषद् खजुराबाट प्राप्त गरेको बीउलाई बाँकेको बैजनाथ-८ टिटिहिरियामा प्रयोग गरिएको उनको भनाइ छ ।

*-रासस*

# बाढी बीमामा किसानको आकर्षण बढ्दो



पछिल्ला वर्षहरुमा मनसुनमा हुने भारी वर्षाले कृषि क्षेत्रमा ठूलो नोक्शानी गरेको छ । सबै भन्दा बढी थन्क्याउन ठिक्क भएको धानबाली नोक्शानी भइरहेको छ । यही आर्थिक वर्षमा मनसुन सकिन लाग्दा असोज १७, १८ र १९ गते देशभर परेको वर्षाका कारण मुलुकभर साढे ३ अर्ब रुपैयाँ बराबरको अन्नबाली नोक्शानी भयो । कृषि तथा पशुपंक्षी मन्त्रालयलका सूचना अधिकारी महानन्द जोशीकाअनुसार धान, तरकारी, उखु तथा माछा पोखरीमा पुगेको क्षति साढे ३ अर्ब रुपैयाँ बराबरको छ । हरेक वर्ष पाक्न लागेको धानमा बर्षाले क्षति पुऱ्याउने गरेको छ । बाली बीमाको बारेमा मनसुनी चर्चा हुने गरेको भएपनि सबै किसान बीमामा आवद्ध छैनन् । सरकारसँग अन्नबाली तथा पशुपंक्षी बीमा योजना छ । यस्तो बीमाले किसानको बालीमा भएको क्षतिको ९० प्रतिशत सम्म क्षति बहन गर्ने सूचना अधिकारी जोशीले बताए ।

**बीमा कार्यक्रमबाट किसान खुशी**

बीमाबाट क्षतिको जोखिम हस्तान्तरण गर्न पाएपछि किसान खुशी छन् । धानबालीमा भएको क्षति बापत् राहत पाउने भएपछि बीमा गर्न थालेको राजापुर ३ नंगापुरका किसान बनिया थारुले बताऐ । उनी भन्छन् " तीन चार वर्षदेखि हामीलाइ ढुक्क भएको छ । पहिले धान खेत बाढीले डुबाउँदा क्षतिपूर्ति पाउँथेनौ । अहिले सहयोग आउँछ । गत वर्ष पनि मैले सहयोग पाएँ, खुशी लाग्यो ।" जानकी गाउँपालिका वडा नं ४, कैलालीका किसान गोविन्दराज रावतले पनि विगत ४ वर्षदेखि धानबालीको बीमा गर्दै आएका छन् । बीजवृद्धि कृषक सहकारी मुनुवामार्फत बीमा रिरहेका उनलाई बीमा गर्दा सहकारीले प्रतिकठ्ठा २५ रुपैयाँ अनुदान दिने गरेको थियो । यस वर्ष बीमा कम्पनीले बीमा रकममा ५० प्रतिशत अनुदान दिएपछि किसानले थप राहत महसुस गरेको उनले बताए । उनले भने " म जस्ता धेरै किसानले राहत महशुस गरेका छन् । पानी पऱ्यो, बाढी आयो भने पनि अहिले चिन्ता छैन । बाढी आएन भने धान उत्पादन भईहाल्छ, बाढी ले क्षति गऱ्यो भने बीमा रकमले मल्हम लगाईहाल्छ ।" बाढी बीमालाई टिकापुर नगरपालिका, मधुवन नगरपालिका, गेरुवा गाउँपालिका र जानकी गाउँपालिकाले नीति नै बनाएर लागू गरेका छन् । जानकी गाउँपालिकामा विपद् जोखिम बीमा सञ्चालन कार्यविधि २०८२ अनुसार जोखिमका किसानलाई बीमा कार्यक्रममा सहभागी गराईन्छ । वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख नेत्रप्रसाद जैसीले नीति बनेपछि किसानलाई नोक्शानीअनुसार रकम उपलब्ध गराउन सहज भएको बताऐ । उनले धने "धान काट्ने बेलामा पानी पर्छ कि पर्दैन रु भन्ने बारेमा किसानको धेरै चासो हुने गरेको थियो, अहिले अटोमेटिक मोबाइलमा म्यासेज आउँछ, यसले सजिलो बनाएको छ । अनलाईनमार्फत पनि काम भइरहेको छ । हामीले पनि सँगैसँगै काम गरिरहेका छौं ।" राजापुर नगरपालिकामा पनि यस्तो नीतिको मस्यौदा अन्तिम चरणमा रहेको छ । बर्दियाको राजापुर नगरपालिकाका सूचना प्रविधि अधिकृत तथा विपद् सम्पर्क व्यक्ति खुशीराम थारुले स्थानीय सरकारले बीमा कार्यक्रममा जोडिन किसानलाई सहजीकरण गरेको बताए । बाढी बीमालाई व्यवस्थित बनाउन नीति बनाउने तयारीमा लागेको पनि उनले उल्लेख गरे । उनले धने "यो राम्रो कार्यक्रम हो, यसबाट किसानले लाभ पनि लिएका छन् । राजापुर नगरपालिकाले पनि कानूनी आधार तयार पारेर अपनत्व लिने गरी काम गरिरहेको छ ।" प्राक्टिकल एक्शनका वरिष्ठ कार्यक्रम अधिकृत चक्रबहादुर बमकाअनुसार जोखिम हस्तान्तरण पद्धतिमा पहुँच कायम गरी बाढी जोखिम क्षेत्रमा बसोवास गर्ने साना किसान तथा सीमान्तकृत वर्गको आर्थिक क्षति कम गर्न बाढी बीमा कार्यक्रम लागू गरिएको हो । उनले धने "किसानले दुई,तीन घण्टाअघि नै बाढी आउने सूचना पाएपछि घरबाट निस्कन, सामान निकाल्न सक्नुहुन्थ्यो । तर खेतमा रहेको धान त जोगाउन सक्दिैन थियो । उनहरुलाई क्षतिपूर्ति दिनको लागि हामीले यो कार्यक्रम लागू गरेका हौं । पहिले बीमाको बारेमा गलत धारणा भएको भएपनि अहिले यो बीमामा धेरै किसान आकर्षित भएका छन् । किनकी यो बीमा सजिलो छ । बुझ्न पनि सजिलो छ । भुक्तानी पनि सजिलो छ, बाढी आएको केही दिनमै किसानले भुक्तानी पाइसक्छन्, जुन अचेल अनलाईन प्रक्रियाबाट अझ छिटो भएको छ ।" कर्णाली नदीमा पानीको सतह बढ्ने बित्तिकै बीमित किसानको मोबाइलमा बाढीले सूचकांक तह पार गरेको सन्देश आउँछ, त्यो सँगै कति प्रतिशत भुक्तानीको लागि योग्य भएको पनि जानकारी भईहाल्छ । जल तथा मौसम विज्ञान विभागले बाढीको सूचकांक तह प्रमाणीकरण गरेपछि बीमा कम्पनीले स्थानीय स्तरमा रहेका र किसानका बीमा वाहक सहकारीहरुको खातामा बीमा रकम भुक्तानी गर्छ । त्यसपछि सहकारीमार्फत बीमा रकम तुरुन्तै बीमित किसानको खातामा जम्मा हुन्छ । यसरी यति छोटो समय र स्वचालित रुपमा बिमित किसानले बीमा रकम आफ्नै खातामा प्राप्त गर्ने भएकाले यसमा अन्य बीमा कार्यक्रम जस्तो भुक्तानीका लागि झन्झटिलो प्रक्रिया गर्नुपर्दैन । शिखर ईन्सुरेन्स कम्पनी गुलरिया शाखाका प्रवन्धक ढुण्डीराज रिजालले प्रक्रिया झन्झटिलो र जटिल नभएकाले बाढी बीमाले किसानको मन जित्न सफल भएको बताए । उनले धने "बाढी पछि किसानलाई क्षतिपूर्ति दिनको लागि हामी जल तथा मौसम विभागलाई पत्र लेखिहाल्छौँ । त्यो पत्रको आधारमा उहाँहरुले हामीलाई तथ्यांक प्रमाणीकरण गरिदिनु हुन्छ । त्यसपछि कम्पनीलाई आवश्यक प्रक्रिया पूरा गरेर हामी सहकारीको खातामा रकम हालिदिन्छौं । यो बीमाको आधुनिक र सहज मोडल भएकाले किसानले मन पराएका छन् । " किसानको जोखिम बीमा कम्पनीमा हस्तान्तरण हुने हुँदा किसानले जोखिम मोल्नुपर्ने अवस्था नरहेको स्थानीय शरद साना किसान सहकारी राजापुर १ की अध्यक्ष भगवती साहले बताए । उनले धने " पहिले किसानले गरेको दुखको मुल्य न्युन थियो । ठूलो पानी परे धान बग्थ्यो । बाढीले डुबाउँथ्यो । तर बीमा गरेपछि किसानले जोखिम हस्तान्तरण गर्न पाएका छन् । हामी किसानह खुशी छौं । किसान खुशीसाथ बीमा गर्नुहुन्छ । प्रत्येक वर्ष मनसुन अगाडी बीमामा भर्ना प्रक्रिया कहिलेबाट शुरु हुन्छ भन्दै थुप्रै किसान सदस्यहरुले फोन नै गर्छन् । " बाढी बीमा लागू भएपछि स्थानीय सरकारलाई पनि सहज भएको राजापुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष: बाबुराम चौधरीले बताए । लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बाढी बीमा प्रभावकारी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लाका स्थानीय सरकारले विभिन्न प्रकारका बिमा कार्यक्रम लागू गरेका छन् । बर्दिया र कैलालीको कर्णाली नदी तटिय क्षेत्रमा भने सूचाकांकमा आधारित बाढी बीमा योजना प्रभावकारी देखिएको छ । सूचाकांकमा आधारित बाढी बीमा योजनाले बाढीका कारण नागरिकको सम्पतीमा हुने आर्थिक क्षति र नोक्शानीलाई बीमा कम्पनीमा हस्तान्तरण गर्दछ । हाल बर्दिया र कैलालीका स्थानीय तहमा धानबालीमा बाढी बीमा कार्यक्रम लागू गरिएको छ । बर्दियाको राजापुर, गेरुवा र मधुवन नगरपालिका तथा कैलालीको टिकापुर र जानकी गाउँपालिकामा यो बीमा सञ्चालनमा छ । विगतका विभिन्न तहको बाढीले धानबालीमा गरेको क्षतिको वैज्ञानिक अध्ययन गरी बाढीको तह (सूचकांक) र बीमा रकमको भुक्तानी प्रतिशत तय गरी कर्णाली नदीको चिसापानी जलमापन केन्द्रलाई आधार बनाई तल्लो तटिय क्षेत्रका समुदायमा बाढी बीमा लागू गरिएको हो । कैलालीको चिसापानीस्थित नदी जलमापन केन्द्रमा तोकिएको बाढी सूचकांकको आधारमा बाढी बीमामा आवद्ध किसानलाई बीमा रकम भुक्तानी गर्ने गरिन्छ । विगतमा भएको तथा सम्भावित क्षतिको वैज्ञानिक अध्ययनका आधारमा क्षतिको पहिले नै आँकलन गरिएको हुनाले सूचकांकमा आधारित बीमामा पुन: क्षतिको मूल्याङ्कन आवश्यक पर्दैन, यद्यपी यस्तो आँकलन समय समयमा अद्यावधिक गरिन्छ । यदि जलमापन केन्द्रमा बाढीको तह तोकेको सूचकांक भन्दा माथि पुग्यो भने बीमा कम्पनीले जल तथा मौसम विज्ञान विभागबाट बाढीको तह प्रमाणीकरण गरी बीमा रकम स्वचालित रुपमा सामुहिक बीमा वाहक सहकारीमा र सहकारीले किसानको खातामा भुक्तानी गर्छ । पानीको सतह १४ दशमलव ८० पुगेमा ७५ प्रतिशत र त्यो भन्दा माथि पुगेमा किसानलाई शतप्रतिशत बीमा रकम दिइन्छ । तल्लो सूचकमै भइसकेको क्षति माथिल्लो सुचकमा नहुने तर क्षति नभएका थप बालीमा क्षति थपिए माथिल्लो सूचक छुँदा तल्लो सुचक मै भुक्तानी भईसकेको बीमा रकम कटौती गरेर बाकीँ बीमा रकम मात्र भुक्तानी गरिन्छ । यस्तै बीमा योजना अन्य जलवायुजन्य प्रकोप र किसानका सम्पतीहरुमा समेत लागू गर्नसके झनै प्रभावकारी हुने देखिन्छ । अझ, विकासशील देशहरुले सामना गर्दै आएको जलवायुजन्य प्रकोपबाट हुने क्षति र जलवायु वित्तको आवश्यकताको सन्दर्भमा त झन बीमाको माध्यमबाट जोखिम हस्तान्तण गर्नुपर्ने देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# राष्ट्रपति रनिङ शिल्डको उपाधि नारायण माविलाई



**पाल्पा,** मंसिर २७/जिल्लाको रिब्दीकोट गाउँपालिकाको कोहल खेलमैदानमा भएको पालिकास्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि नारायण मावि धुस्टुङले हात पारेको छ । १३ वटा विद्यालयलाई पछि पार्दै नारायण माविले ५ स्वर्ण, ५ रजत, ३ कास्य गरी १३ पदक सहित प्रथम स्थान हासिल गरेको हो ।

यसैगरी प्रतियोगितामा सरस्वती मावि वडा नं ३ खस्यौली ५ स्वर्ण, ५ रजत, ९ पदक सहित दोस्रो र ५ स्वर्ण,१ रजत, ३ कास्य गरी ९ पदक सहित दुर्गा भवानी मावि वडा नं. ६ देउराली तेस्रो भए । विजेता विद्यालय तथा खेलाडीहरुलाई गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्की, उपाध्यक्ष कान्ता अधिकारी, प्रवक्ता प्रकाश रायमाझी, वडाअध्यक्षहरु, शिक्षा अधिकृत टिकाराम आचार्य, रिब्दीकोट खेलकुद विकास समितिका अध्यक्ष दिपक पचभैया लगायतले नगद पुरस्कार तथा मेडल, प्रमाणपत्र र रनिङ शिल्ड पुरस्कारबाट सम्मान गरे । यसैगरी ४ स्वर्ण, ६ रजत, ७ कास्य गरी १७ पदक सहित वडा नं. २ देउराली आदर्श मावि चौथो भएको छ । यसैगरी वडा नं १ ख्याहाको शारदा माविले ३ स्वर्ण, ३ कास्य गरी ६ पदक जितेको छ भने कालिका मावि वडा नं ७ बतासेले २ स्वर्ण ५ रजत, १ कास्य गरी ८ पदक जितेको छ । ताल्तुङ्ग मावि वडा नं ८ पेलाचौरले २ स्वर्ण, १ रजत, ५ कास्य गरी ८ पदक जितेको छ । भवानी मावि वडा नं ५ कुसुमखोलाले १ स्वर्ण, २ रजत, ४ कास्य गरी ७ पदक जितेको छ । प्रभात मावि वडा नं ७ मैनादीले १ स्वर्ण, २ रजत गरी ३ पदक जितेको छ । लक्ष्मी मावि माल्मुङ, भैरवजनता मावि भैरवस्थान, भास्कर मावि पोरक्नीले कुनै स्वर्ण पदक हात पार्न सकेनन् । यसैगरी आदर्श मावि वडा नं २ लघुवा र ज्ञानमाला मावि वडा नं. ८ फेकले कुनै पनि पदक हात पार्न सकेनन् । समापन कार्यक्रममा पालिकाबाट खेलमैदानको समयमै निर्माण सम्पन्न गरेकोमा निर्माण व्यबसायीलाई सम्मान गर्दै खेल मैदान संरक्षण तथा व्यबस्थापन समितिलाई कोहल खेलमैदान हस्तान्तरण गरिएको छ । पालिका अध्यक्ष नारायणबहादुर कार्कीले खेलकुदको माध्यमाबाट खेलाडीहरुले आफ्नो मात्र नभएर समाज/देशको नामलाई समेत उचाइमा पुऱ्याएको, एक आपसमा भातृत्व भावनाको विकास गरेकोबताए । खेलकुदले अनुशासित र शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक रुपमा मानव शरीरलाई स्वस्थ राख्न ठूलो सहयोग पुऱ्याउने अध्यक्ष कार्कीले जोड दिए । कार्यक्रममा उपाध्यक्ष कान्ता अधिकारीले खेल जगतको विस्तार र विकासका लागि गाउँपालिकाले निरन्तर सहयोग गर्दै आएको र आगामी दिनमा पनि गाउँपालिकाले खेलकुदको विकास र विस्तारमा प्राथमिकता दिएर काम गर्ने बताईन् । प्रतियोगिताका संयोजक एंव शिक्षा शाखा प्रमुख टिकाराम आचार्यले विद्यार्थीहरुको चौतर्फी विकासको लागि खेलकुद महत्वपूर्ण विधा भएको बताए ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट विद्यार्थीमा भएको अतिरिक्त क्षमता पूर्ण रुपमा बाहिर आउने र आफु र राष्ट्रलाई चिनाउने शसक्त माध्यम भएको बताए । प्रतियोगिताको लागि सहायक शिक्षा अधिकृत राजाराम भाट, श्रोत बिज्ञ गोपाल के.सी. लगायत शिक्षक स्वयंसेवक, खेलप्रेमीहरु तथा सरोकारवाला पक्षले सहजीकरण गरेका थिए । पालिका शिक्षा शाखाको आयोजनामा भएको प्रतियोगितामा विभिन्न २६ विद्याका खेलहरुमा ३ सय विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# प्रेस चौतारी पाल्पाको बुलेटिन सार्वजनिक




**पाल्पा,** मंसिर २७/प्रेस चौतारी नेपाल पाल्पा शाखाले 'चौतारी' बुलेटिन सार्वजनिक गरेको छ । बुलेटिनको माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले सार्वजनिक गरे । शाखाले नियमित रुपमा चौतारी बुलेटिन प्रकाशन गरी सार्वजनिक गर्दै आएको छ ।

बुलेटिन विमोचन गर्दै अध्यक्ष चिदीले समाचारको कारण समाज रुपान्तरण हुने भएकाले गंम्भीर भएर यर्थाथ परक समाचार पस्कन पत्रकारहरुलाई आग्रह गरे । समाजमा अहिले जतातते नकारात्मक समाचारको बाढी आएको अवस्थामा समाजलाई सकारात्मक भूमिकामा जिम्मेवारी बनाउन पत्रकारहरुको कलमले ठूलो भूमिका खेल्ने अध्यक्ष चिदीले बताए । हरेक विषयमवस्तुलाई सकारात्मक आखाँले हेरेमा त्यो स्वभाविक रुपमा सकारात्क तरीकाबाट जाने र नकारात्मक कारण समाजमा ध्वस, अराजकता बढ्ने अध्ययक्ष चिदीले जोड दिए । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी सदस्य एव चौतारी फाँट इन्चार्ज राजेश कुमार अर्यालले चौतारी बुलेटिन आफ्ना सदस्यहरुलाई क्रियासिल बनाईराखेको, पालिकाका गतिविधीहरु सार्वजनिक भईरहेको र संगठन चलायमान बनिरहेको बताए । नेकपा एमाले प्रचार विभाग पाल्पाका सचिव रेखीराम रानाले चौतारीको नियमित बुलेटिनमा संगठनका विचार, धारणाहरुलाई पनि आगामी दिनमा समावेश गरेर जानुपर्नेमा जोड दिए । प्रेस चौतारीका पूर्व केन्द्रिय सदस्य कमलराज तिमिल्सेनाले प्रेस चौतारी पाल्पाले प्रदेशमै उत्कृष्ट, प्रभावकारी गतिविधी गर्दै आएको बताए । प्रेस चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, केन्द्रिय सदस्य एव पाल्पा इन्चार्ज मिलन विश्वकर्माको स्वागत, सचिव दयाराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# नेपाल श्रीलङ्कासँग ८ विकेटले पराजित



**काठमाडौ,** मंसिर २७/एसीसी १९ वर्षमुनिको एशिया कप क्रिकेटको आफ्नो खेलमा नेपाल श्रीलङ्कासँग ८ विकेटले पराजित भएको छ । नेपालले दिएको ८३ रनको सामान्य लक्ष्य श्रीलङ्काले १४ ओभर ५ बलमा २ विकेट गुमाएर भेटायो । श्रीलङ्काका दिमन्थ महाविथानाले नटआउट ३९ रन बनाए । नेपालका दयानन्द मण्डलले १ विकेट लिए । यसअघि संयुक्त अरब इमिरेट्स (यूएई) को सेभेन्स स्टेडियममा टस हारेर ब्याटिङ गरेको नेपालले २८ ओभर ५ बलमा ८२ रन बनाउँदा सबै विकेट गुमायो । नेपालका सब्रिन श्रेष्ठले सबैभन्दा धेरै १८ रन बनाए । यस्तै साहिल पटेलले १२, निरजकुमार यादवले १० रन बनाए । श्रीलङ्काका सेठमिका सेनेविरत्नेले ५ विकेट लिए । नेपालले दोस्रो खेलमा पर्सि मङ्सिर २९ गते बङ्गलादेशसँग र तेस्रो खेलमा पुस २ गते अफगानिस्तानसँग खेल्नेछ । हिजोदेखि शुरू भएको प्रतियोगिताको समूह 'ए' मा भारत, पाकिस्तान, यूएई र मलेशिया तथा समूह 'बी' मा नेपाल, अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का रहेका छन् । दुवै समूहबाट शीर्ष दुई रहने टोली सेमिफाइनलमा पुग्नेछ । फाइनल खेल आउँदो पुस ६ गते हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# महायज्ञमा तीन करोडभन्दा बढी नगद सङ्कलन



**गुल्मी,** मङ्सिर २७/क्याम्पसको शैक्षिक विकासका लागि सत्यवतीमा सञ्चालन गरिएको महायज्ञमा रु तीन करोडभन्दा बढी नगद सङ्कलन भएको छ । सत्यवती गाउँपालिका-५ हँसरास्थित सत्यवती बहुमुखी क्याम्पसमा राष्ट्र कल्याण एवं विश्व शान्ति विराट धनधान्यचल श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा उक्त रकम सङ्कलन भएको हो ।

क्याम्पसको दीर्घकालीन शैक्षिक विकासका लागि तीन करोडको अक्षय कोष स्थापना गर्ने उद्देश्यले यही मङ्सिर १८ देखि २५ गतेसम्म उक्त महायज्ञ आयोजना गरिएको थियो । एक सातासम्म सञ्चालन भएको महायज्ञबाट नगद रु तीन करोड १५ लाख सङ्कलन भएको आर्थिक समिति संयोजक पारिश्वर ढकालले जानकारी दिए । त्यसका अतिरिक्त महायज्ञमा ७०० मुरी धान र ३० क्विन्टल चामलसमेत सङ्कलन भएको संयोजक ढकालले बताए । महायज्ञमा सबैभन्दा धेरै आर्थिक सहयोग गर्नेमा सत्यवती-५ रघेवा जन्मस्थान भई हाल बेलायत बस्दै आएका सफल व्यवसायी काशिराम भण्डारी रहेका छन् । उनले व्यक्तिगत रुपमा १६ लाख ५० हजार महायज्ञमा क्याम्पसका लागि सहयोग गरेका छन् । उनले क्याम्पस हाताभित्र निर्माण गरिने सरस्वती मन्दिरका लागि पनि थप एक लाख सहयोग गर्ने बताए । त्यसैगरी, सत्यवती -८ भार्से हाल हङकङ निवासी कुलबहादुर बूढाथोकीले १० लाख एक हजार, बेलायतमा रहने केशव ज्ञवालीको परिवारले १० लाख, स्थानीय लक्ष्मण भण्डारीले सात लाख र गोमबहादुर भुसालले पाँच लाख आर्थिक सहयोग गरेको महायज्ञका आर्थिक समिति संयोजक ढकालले जानकारी दिए । विसं २०७० मा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त गरेको सत्यवती बहुमुखी क्याम्पसमा मानविकी र व्यवस्थापन सङ्कायमा अध्ययन हुँदै आएको छ । उक्त क्याम्पस तत्कालीन सत्यवती माध्यमिक विद्यालय र स्थानीय जनसमुदायकै सहयोगमा स्थापना गरिएको थियो । त्रिभुवन विश्वविद्यालयको अनुदानले मात्र क्याम्पसको आर्थिक व्यवस्थापनमा समस्या भएका कारण महायज्ञ सञ्चालन गर्नुपरेको महायज्ञ मूल समारोह समिति अध्यक्ष पिताम्बर ज्ञवालीले बताए । उनले महायज्ञको खर्च कटाएर बचत रकमलाई अक्षय कोषमा राखेर त्यसैमार्फत क्याम्पस सञ्चालन खर्च व्यवस्थापन गर्ने जानकारी दिए । महायज्ञमा नेपाल शन्त समाजका अध्यक्ष स्वामी ज्ञानानन्द सरस्वती महाराज, स्वामी विवेकानन्द सरस्वती महाराज र आचार्य नारायणप्रसाद गैरेबाट श्रीमद्भागवतीय कथा प्रवचन गरिएको थियो ।-*रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई